ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१८, २०७५ भदौ १६ गते, शनिबार (Sept.1, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६




के हो प्यारालाइसिस

## कोसीको पानी गाउँमा

# सयौं घर डुबानमा



फत्तेपुर / सप्तकोसी नदीको पानी गाउँ पसेपछि सोमबार राति सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ वटा वडा डुबानमा परेका छन् ।

वडा नं ८ र १२ का करिब १२५ घर डुबानमा परेको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ। राति करिब ८ बजे पसेको पानीले नगरपालिका कार्यालय र लिलजा ठाकुर प्राथमिक विद्यालयसमेत डुबानमा परेका छन्। भारतले कोसी ब्यारेजभन्दा मुनि पाइलट च्यानल बनाएर पानी पश्चिमतर्फ फर्काइदिएका कारण सामान्य अवस्थामै पानी गाउँ पसेको स्थानीले जनाएका छन्। बाँध निर्माण भइसकेपछि सोमवार च्यानलको प्रयोग गरेर भारतीय अधिकारीहरुले आफूखुसी पानी पश्चिमतर्फ फर्काएको उनीहरुको आरोप छ ।

सप्तरीका डिएसपी

बाँकी अन्तिम पृष्ठमा

# कवर्डहल बनाउन बजेट अभाव



फत्तेपुर / सप्तरीको सप्तकोसी १ फत्तेपुरमा निर्माणधिन बहुउपयोगि कभर्डहल आर्थिक अभावका कारण समयमा सम्पन्न हुन सकेन । २०७३ सालमा तत्कालिन खेलकुद मन्त्री सत्यनारायण मण्डल र सप्तरी क्षेत्र १ का सभासद मानपुर चौधरीले संयुक्त शिलान्यास गरेको कभर्डहल ३ बर्ष बितिसक्दासम्म पनि निर्माण सम्पन्न हुन सकेको छैन । न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुरको जग्गामा निर्माण कार्य शुरु गरिएको बहुउपयोगि कभर्डहल ७२ फिट लम्बाइ ६२ फिट चौडाइ ३१ फिट उचाइ मा निर्माण गर्न लागिएको बहुउपयोगी कभर्डहल निर्माण समितिका संयोजक धर्म बहादुर खत्रीले जानकारी दिए । स्थानीय खेलाडीहरु को सक्रियतामा निर्माण कार्य शुरु गरिएको कभर्डहल आर्थिक अभावका कारण समयमा सम्पन्न हुन नसकेको हो । राष्ट्रिय खेलकुद परिषदबाट ४ लाख सहयोग र स्थानीय खेलाडीबाट रकम जम्मा गरेर निर्माण गर्न शुरु गरिएको कभर्डहलमा सप्तकोसी नगरपालिकाले गत आवमा १५ लाख बजेट छुट्टाए पनि हाल सम्म सबै बजेट निकासा नभएको कारण काम रोकिएको क्लवका उपाध्यक्ष खगेन्द्र कार्कीले बताए । करिब १ करोड लागत लाग्ने बहुउपयोगी कभर्डहल तल डिपिसीसम्म तयार गरि ट्रस्ट

बाँकी अन्तिम पृष्ठमा

publicnews8@gmail.com/ 9852047779/9852065409
LOG ON...www.janatimes.com
लोकप्रिय डिजिटल मिडिया jt janatimes
विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः
यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## कोसीको. . .

भावेश रिमालले पनि पानीको बहाव बढेर वा बाँध भत्किएर पानी पसेको नभई कोसी ब्यारेजभन्दा मुनितिर भएको च्यानलकै कारण पानी गाउँ पसेको जनाए। 'गाउँमा पानी पस्दा कोसीको बहाव १ लाख ७० हजार क्यूसेक मात्रै थियो,' रिमाल भन्छन्, 'यसअघि अढाई देखि ३ लाख क्युसेक कोसीको बहावमा पनि नपसेको पानी सामान्य अवस्थामै गाउँ पस्यो ।'डुबानमा परेका बासिन्दालाई राति नै सुरक्षित गरिएको रिमालले जानकारी दिए। मंगलबार बिहानसम्म कोसीको बहाव अझै घटेकोले डराउनुपर्ने अवस्था नरहेको उनको भनाइ छ । 'कोसीको पानी घटेको छ, गाउँलेहरु पनि सुरक्षित छन,' उनले थपे, 'तर, करिब १२५ घर-आँगनमा १ फिट जति पानी जमेको छ ।'

कोसीको पानी फेरि गाउँ पस्न नदिन र गाउँको सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलमार्फत समन्वय गर्ने कार्य भइरहेको डिएसपी रिमालले जानकारी दिए ।

## कवर्डहल. . .

लगाइ छानामा टिन लगाउन अडर भै सकेको छ । निर्माण को ५० प्रतिशत काम सम्पन्न गर्न् आर्थिक समस्या भएको निर्माण समितिका अध्यक्ष धर्मराज खड्काले जानकारी दिए । यो बहुउपयोगि कभर्डहल निर्माण भए पछि यहाँ खेलकुद गतिविधि मात्र नभै विभिन्न सभा सम्मेलन कार्यक्रम गर्नको लागि सभा हलसमेतमा प्रयोग गर्न सकिन्छ ।

नगरपालि अघिल्लो बर्ष बवर्डहललाई बजेट विनियोजन गरे पनि यो बर्ष भने छुट्टयाएको छैन् । खेलकुद क्षेत्रमा नगरपालिकाले ८ लाख मात्र विनियोजन गरेको छ ।

फत्तेपुरमा ठूला कार्यक्रम गर्न हल अभाव हुदैआएको छ । यो निर्माण भएमा हलको समस्या पुरा हुने स्थानीयले बताएका छन् ।


सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।

सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।

प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ र
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ र कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्र्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी








प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY

## सम्पादकीय....................

### नयाँ कानुन र चिकित्सा क्षेत्र

राणा कालिनसमयमा बनेको पुरानो मुलुकी ऐनलाई विस्थापित गर्ने भदौं १ गतेदेखि नयाँ कानून लागू भएको छ । कानुनका प्रावधान के कस्ता छन् त्यस विषयमा बहस जरुरी छ ।

निश्चय नै सस्तो लोकप्रियता चाहने नेताहरू बदलिरहन्छन् । उनीहरू निहीत स्वार्थमा नियम र कानून बनाउँन चाहन्छन् । नेतृत्वमा पुगेका ब्यक्तिमा नागरिकको खवरदारी भएन भने उनीहरूको स्वार्थमा काम हुन्छ । त्यस प्रति नागरिक जागरूक हुनु पर्दछ ।

स्वास्थ्यकर्मीहरू आफ्ना बिरामीहरूका कसरी गुणस्तरीय सेवा दिन सकिन्छ भन्ने कुरा प्रति अत्यन्तै संवेदनशील हुन्छन् । स्वास्थ्य सेवा, आकास्मिक सेवा, आर्मी, पुलिस आदि सेवाहरू अति नै सम्वेदनशील सेवाहरू हुन् । यसमा हरेक दिन नयाँ कानून, नयाँ निष्कर्ष बन्न सक्दैन । दिनरात काममा तल्लिन हुनुपर्ने, बढि समय खर्चनू पर्ने हुन्छ । यस्तो अवस्थामा सरकारले नयाँ कानून बनाउँदा धेरै विचार पुऱ्याउनु पर्ने हुन्छ । यसको अर्थ चिकित्सकहरूलाई भने कानुननै लाग्नु हुदैन भन्ने चाही होईन ।

हामीले नीति राम्रो बनाउन सक्यौं भने नियत आफैं ठिकमा आउछ । नीति बनाएर कार्यन्वयलाई पनि ध्यान दिनु पर्दछ । मुलुकमा बढेको दण्डहिनतालाई रोकेर राज्यले सबै क्षेत्रलाई ब्यवस्थित गर्ने हो भने खराव नियत राख्ने आफैं ठेगान लाग्ने छन् ।

चिकित्सा क्षेत्रमा पनि लापारवाहीको पराकाष्ठ नभएको होईन । यसलाई सुधारको जरुरत छ । हामीले सुन्ने गरेका छौं, भोगेका छौं, दाहिनेतिरको अप्रेसन गर्नुपर्नेमा देब्रेतिर अप्रेसन हुने । यस्तो हुन नदिन त कडा कानुन जरुरी हुन्छ । टिममा गर्ने काम गर्दा सबैको जिम्मेवारी बराबर हुनु पर्दछ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# आन्तरिक अस्तव्यस्तताले कमजोर राजपा

**निमिष झा**

प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको सात महिना र संसदको पहिलो बैठक बसेको पाँच महिना भएको छ । यो पाँच महिनामा खोलामा धेरै पानी बगिसक्यो तर मधेशको मुद्दाका लागि एकीकृत भएर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका लागि न हर्ष न विस्मात् बनेको छ ।

राजपा नेपालले ढिलै भएपनि संसदीय दलको नेतामा अन्ततः अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरलाई चयन गऱ्यो । राजपा भित्र रहेको गुट उपगुटका कारण आफू भित्रको कलहलाई उजागर मात्र गरेको छैन, उसले संसदीय परिपाटीलाई पनि तिलाञ्जली दिएको आरोप लागेको थियो । संसदीय अभ्यास मान्ने पार्टीले संसदीय मूल्य मान्यतालाई ख्याल राख्नु उसको पहिलो कर्तव्य हो । तर राजपाले आफूलाई संसदीय पार्टी माने पनि आफू भित्रको आन्तरिक लोकतन्त्रको कमीका कारणले उसले संसदीय अभ्यासको उपहास गरेको देखिन्थ्यो ।

संसदीय निर्वाचनपछि बन्ने संसदमा पार्टीहरूको पहिलो काम भनेकै आ-आफ्नो दलको संसदीय दलको नेता चुन्नु हो । संविधान जारी पछि गत वर्ष मंसिरमा भएको ऐतिहासिक निर्वाचनपछि बनेको पहिलो संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलले आफ्नो संसदीय दलको नेता चयन गरिसकेका थिए तर राजपाले एउटा नेता छान्न ठूलै सकसको समाना गर्नुपऱ्यो । संसदीय दलको नेता चयन गर्न राजपा भित्रको सकसले पार्टीभित्र कति गहिरो विवाद छ, सहजै अनुमान गर्न सकिन्छ ।

ज्ञातव्य के छ भने राजपाले गत चैतमा नै संसदीय दलको नेता चयन गर्ने तयारी गरेको थियो तर त्यतिबेला पार्टीका संयोजक महन्थ ठाकुर अस्वस्थ भएर उपचारका लागि नयाँदिल्ली जानु परेकाले ढिलाई भएको थियो । वास्तवमा ठाकुरको अस्वस्थता त एउटा बहाना मात्र थियो । ठाकुर दिल्लीबाट उपचार गराएर फर्केको पनि दुई महिनाभन्दा बढी भईसकेको थियो तर पनि दलको नेता चयन गर्न नस्क्दा ठाकुरको अस्वस्थता नै संसदीय दलको नेता चनयको कारण हो भनेर पन्छिने बहाना राजपालाइ थिएन जसरी पनि नेता चयन गर्नुपर्ने अवस्था आएपछि शनिबार राजपाले संसदीय दलको नेत चयन गरेको छ ।

यता, असार ४ गतेदेखि तीन दिनसम्म बसेको राजनीतिक समितिको बैठकमा समेत संसदीय दलको नेता चयन गर्ने विषय एजेन्डा बनेको थिएन । तीन दिनको बैठकमा पार्टीको महाधिवेशन, पार्टीको विधान, समसामयिक राजनीतिक घटनाक्रम तथा नियमावलीको विषयमा छलफल भएको थियो । बैठकमा अन्य नेताहरूले पटक पटक यो विषय उठाएपछि अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले असारको पहिलो वा दोस्रो हप्ताभित्र संसदीय दलको बैठक बसेर टुङ्गो लगाउने बताएका थिए ।

त्यसपछि असार १०-११ गते संसदीय दलको बैठक बसेर त्यसको टुङ्गो लगाउने एउटा समझदारी बनेको थियो । तर, त्यो दिन अध्यक्षमण्डलका सदस्यद्वय महेन्द्र राय यादव र अनिलकुमार झा राजधानी बाहिर भएका कारण बैठक नै बसेन । वास्तवमा राजपाभित्र अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुर र सदस्य राजेन्द्र महतो संसदीय दलका नेताका दाबेदार थिए तर अन्त्यमा महन्थ ठाकुर नै सर्वसम्मतिबाट नेता बन्न सफल भएका छन् ।



पार्टीका संयोजक अथवा अध्यक्ष हुने व्यक्ति नै संसदीय दलको नेता रहने मान्यता भएको कारणले ठाकुर नै संसदीय दलको नेता हुने एकथरीको मान्यता थियो भने अर्को थरीले एक व्यक्ति एक पद हुनुपर्ने भन्दै महतोको पक्षमा लबिङ गरिरहेका छन् ।

महतो पक्षधरले स्वाभाविक रूपमा आफ्नो नेतृत्व दाबी गरेको थियो । ठाकुर पार्टीको संयोजक रहेका कारण महतो नै दलको नेता हुनुपर्ने अडान पनि पार्टी भित्र रहेको चल्दखै आएको थियो । अर्कोतर्फ ठाकुर पक्षधरले भने महतो दलको नेता बने पार्टी फुट्न सक्ने बताउँदै आएका थिए । १७ सांसद रहेको राजपामा १० सांसद आफ्नो पक्षमा रहेको महतो पक्षधरले दाबी गरेका थिए भने ठाकुर पक्षले आफ्नो बहुमत रहेको दाबी गर्दै आएका थिए ।।

राजपाले संसदीय दलको नेता त चयन गरेको छ अब उपनेता, प्रमुख सचेतक, सचेतकलगायत पदमा पनि टुंगो लगाउनु पर्ने बाँकी छ । दलको नेता, उपनेता चयन गर्न संसदीय दलको विधान पारित हुनु पर्छ । तर, राजनीतिक समितिले विधान टुंगो लगाए पनि संसदीय दलले विधान पारित गर्न सकेको छैन । संसदीय दलले सदस्यका मनोभावना समेटेर विधानलाई अन्तिम रूप दिन अध्यक्षमण्डललाई नै जिम्मा दिएकाले दलको विधान पारित हुने विश्वास गरिएको छ ।

राजपामा देखिएको आन्तरिक विवादकै कारण पार्टीको छवि पनि धुमिल हुँदै गइरहेको छ भने सरकारमा सहभागी हुने विषय समेत छायाँमा परेको छ ।

पार्टी भित्रको चरम विवादले उसले आफ्नो एजेन्डा पनि सशक्त रूपले उठाउन सकेको छैन । पार्टी नै दुई धारमा विभक्त भएपछि पार्टीभन्दा आफ्नो स्वार्थका लागि मात्र सोच्ने नेताहरूको होडबाजीका कारण संसदमा उसको उपस्थिति कमजोर हुँदै गइरहेको छ भने मधेशी जनतामा पनि पार्टी प्रति वितृष्णा बढेको छ । पार्टीलाई मधेशको हितभन्दा आफनो स्वार्थका लागि मात्र प्रयोग गर्ने नेताहरूको पुरानो बानी नहटेसम्म राजपाले गति लिन सक्दैन ।

**महाधिवेशन कहिले गर्ने ?**

राजपाले आफू स्थापना भएको एक वर्ष भित्रै पहिलो महाधिवेशन गर्ने कबुल गरेको थियो । तर एक वर्षभन्दा बढी समय बिति सकेपनि उसले महाधिवेशन गर्न सकेको छैन । पार्टीले महाधिवेशन गर्नु अघि यसभन्दा पहिलाका ६ वटै पार्टीको अस्तित्वमा रहेको जिल्ला संगठनहरूको एकीकरण गर्नु पर्ने हुन्छ । साथै, ६ वटै पार्टीको भातृ संगठनहरूको एकीकरण पनि हुन सकेको छैन । ६ वटै पार्टीले केन्द्रमा एकीकृत भएर राजपा नामको दल बनाए पनि यसको जिल्ला संगठनहरू भने अस्तित्वविहीन नै छ । पार्टीले तल्लोस्तरसम्म एकीकृत हुन सकेको छैन ।

त्यसैले महाविधेशनका लागि पार्टी मानसिक, प्राविधिक र भौतिक रूपले तयार भएको छैन । तर जब निर्वाचन आयोगले असार ३० गतेसम्म महाधिवेशन गर्न भनेपछि मात्र राजपा यसका लागि छलफल सुरू गरेको छ । असार ३० सम्म महाधिवेशन गर्न असम्भव भएका कारण उसले कानूनी बाध्यतालाई छल्दै हिंड्न थालेको छ । आन्तरिक समस्या सुल्झाउन नसक्दा राजपा पार्टीको विधान संशोधन गराउँदै आयु लम्ब्याउदै छ ।

राजपाको विधानमा पार्टी एकीकरण भएको एक बर्षभित्र महाधिवेशन गर्ने उल्लेख भए अनुसार, आयोगले यस्तो पत्र लेखेको थियो । तर, राजपाभित्र संसदीय दलको नेता नै चयन गर्न नसकेका कारण आयोगको पत्र वेवारिसे बन्दै आएको छ । आन्तरिक समस्या बढ्दै गएपछि राजपाले विधान संशोधन गरेर अर्को वर्षमात्रै महाधिवेशन गर्ने निर्णय गर्नु पार्टी भित्रको अस्तव्यस्तता, नेताहरूबीचको विवाद र असामन्जस्यता सहतमा आएको छ ।

संविधानले राजनीतिक दल खारेज गर्न नसक्ने व्यवस्था गरेकै आधारमा राजापाले महाधिवेशन एक वर्षपछि धकेलेको छ । यद्यपी आउँदो २०७६ बैशाखमा महाविधेशन गर्नेगरी विधान संशोधन गरिएको छ । तर संयोजक महन्थ ठाकुर नै संसदीय दलको नेता भईसकेको अवस्थामा महाधिवेशनको तयारीका लागि पार्टी एकजुट भएर अगाडि बढ्नुपर्ने हुन्छ । पार्टीभित्रको यस्तै भद्रगोलले राष्ट्रिय राजनीतिमा समेत राजपाको भूमिका कमजोर बनेको छ । महाधिवेशनबाट को अध्यक्ष हुने भन्नेमै ६ जना अध्यक्ष मण्डलका नेतावीच कुरा नमिल्दा संगठन भद्रगोलको स्थितिमा पुगेको राजपाकै नेताहरू बताउँछन् । राजपाको आन्तरिक अस्तव्यस्तताले राष्ट्रिय राजनीतिमै राजपाको प्रस्तुति कमजोर बन्दै गएको छ । (**मधेश दर्पण फिचर**)

# प्यारालाइसिसका समस्या के हो ?

**डा. रमेश महर्जन**

स्नायु आपूर्ति हुन नसकेर मांसपेशीमा आएको कमजोरी, शरीरको कुनै अंग वा भाग नचल्ने अवस्थालाई प्यारालाइसिस भनिन्छ। प्यारालाइसिस धेरै कारणले हुन्छ। त्यसमध्य मस्तिष्कघात (ब्रेनअट्याक) को कारणले हुने प्यारालाइसिस नै जनमानसमा परिचित छ। हृदयाघात र क्यान्सरले हुने मृत्युको तेस्रो मुख्य कारण बनेको मस्तिष्कघात अस्पतालको सघन उपचारकक्षमा प्रवेशको प्रमुख कारण पनि हो। अप्रत्यासित रूपमा अपर्झट हुने तत्कालै ज्यान जान पनि सक्ने र बाँचिहाले पनि अधिकांश अपांगता, परनिर्भर र पराश्रित भएर बाँच्नुपर्ने यो समस्याको मुख्य कारण भने मस्तिष्कको रक्तसञ्चारसँग सम्बिन्धित छ। मस्तिष्कलाई रक्तआपूर्ति गर्ने धमिनीहरूले फुटेर रक्तश्राव भएर वा हुन नसक्दा मस्तिष्कका तन्तुहरू मर्न जाने समस्यालाई मस्तिष्कघात भनिन्छ। मस्तिष्क हाम्रो शरीरको केन्द्रीय नियन्त्रण कक्ष हा। सम्पूर्ण मानसिक र शारीरिक नियन्त्रण पनि यसैबाट हुन्छ। मस्तिष्कघात हुँदा नष्ट भएका स्नायु तन्तुहरूले गर्ने कार्य सुचारु हुन नसक्दा शरीर, मन र भावनासँग सम्बन्धित समस्याहरू देखा पर्छन्। जसमध्ये प्यारालाइसिस पनि एक हो।

**लक्षण र निदान**

अचानक सहनै नसक्ने गरी छुट्टै तरिकाले टाउको दुख्नु, रिँगटा लाग्नु, शारीरिक सन्तुलन बिग्रिएर ढल्नु, शरीरको एकपाटोमा झमझम गर्नु, निदाउनु वा कमजोरी देखापर्नु, होस हराउनु, एकाएक दृष्टि धूमिल हुनु, बन्द हुनु, बोली लटपटिनु वा बोल्न नसक्नु, पसिना छुट्नु, बान्ता हुनु मस्तिष्कघातका लक्षण हुन्।

मस्तिष्कघात आपतकालीन स्थिति भएकाले माथि उल्लिखित लक्षण देख्नेबित्तिकै बिरामीलाई जति सक्दो चाँडो अस्पताल पुर्‍याउन सकियो त्यति नै अपांगता कम गराउन सकिन्छ र बचाउन सकिन्छ। मस्तिष्कघातको आपतकालीन अवस्थालाई सम्हाल्न न्यूरोलोजिस्टहरूको टिम नै चाहिन्छ। यसमा रेडियोलोजिस्ट र प्याथोलोजिस्टहरूको पनि उत्तिकै भूमिका हुन्छ। घातको प्रकृति, प्रकार र क्षतिग्रस्त स्थान थाहा पाउन सिटी स्क्यान, एमआरआई, ट्रसक्रेनियल डोपलर, केरोटिटडोपलर जस्ता निदान पद्धति अपनाइन्छ।

आपतकालीन व्यवस्थापनका लागि सघन उपचारकक्ष हुनु नितान्त आवश्यक छ। घातको प्रकृति र कारण थाहा पाएपछि खतराको स्थितिको आधारमा औषधि वा अप्रेसनद्वारा उपचार अगाडि बढाइन्छ।

**मस्तिष्कघातका समस्याहरू**

सघन वा आपतकालीन उपचारपश्चात् पनि १५ प्रतिशत बिरामीलाई बचाउन सकिएको छैन। बाँचेका मध्ये १० प्रतिशत पूर्ण रूपमा निको भएका छन् भने ७५ प्रतिशतमा सामान्य, मध्यम, परनिर्भर हुनुपर्ने, निरन्तर चिकित्सा सेवा लिनुपर्ने खालको समस्या देखापरेको छ। मस्तिष्कघातले आघात पुर्‍याएको स्नायुकेन्द्रको स्थिति र ब्रेन ड्यामेजको प्रकृतिको आधारमा विभिन्न शारीरिक तथा मानसिक विकृतिहरू देखापर्छन्। जसमध्ये आधा शरीर नचल्ने, बोल्न नसक्ने वा लडबडाउने मुख्य समस्याका रूपमा देखिएका छन्।

एकापट्टिको हातखुट्टा वा अनुहारमा झमझमाहट हुने, भारीपन वा कमजोरी देखिने, खाना चपाउन, निल्न र स्वाद पाउन गाह्रो हुने, स्पर्श, शारीरिक संवेदना थाहा नपाउने, मुड परिवर्तन भइरहने, स्मरणशक्ति, एकाग्रता वा चेतनाको स्तरमा परिवर्तन देखिने र भावनात्मक रूपमा कमजोर हुने जस्ता अन्य समस्यामा आउन सक्छन्।

**कसलाई सम्भावना धेरै हुन्छ ?**



५० वर्ष उमेर नाघेका, उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टेरोलका समस्या भएका, ती रोगका औषधि सेवन कहिले गर्ने कहिने नगर्ने, अति व्यस्त जीवनशैली भएका, तनाव चिन्ता शोकमा परेकाहरू, मुटु तथा रक्तसञ्चारसम्बन्धी समस्या भएका, पुरानो माइग्रेन भएकाहरूलाई मस्तिष्कघात हुने जोखिम उच्च हुन्छ। यसबाहेक रक्तश्रावसम्बन्धी समस्या जस्तैः घाउ हुँदा रगत धेरै बग्ने वा नसाभित्रै रगत जम्ने रोग भएका, गर्भनिरोधक औषधि खाने महिला, परिवारमा मस्तिष्कघातका इतिहास भएका, पुरानो मस्तिष्क संक्रमणले ग्रस्त भएका रोगीमा मस्तिष्कघात धेरै देखिएको छ।

**प्यारालाइसिस व्यवस्थापन**

प्यारालाइसिसका बिरामीलाई पूर्ण व्यवस्थापनको लागि उपयुक्त उपचार, स्याहार, पुनर्स्थापनाको आवश्यकता पर्छ। यसका लागि कुनै एक चिकित्सक वा व्यक्ति नभएर विभिन्न क्षेत्रका विशेषज्ञ र व्यक्तिहरूको सामूहिक प्रयास चाहिन्छ। स्नायु रोग तथा मुटुरोग विशेषज्ञ, प्राकृतिक चिकित्सक, फिजियोथेरापिस्ट, अकुपंचर, स्पिचथेरापिस्ट, योगाथेरापिस्ट, नर्सिङ, मनोचिकित्सक आदिको सामूहिक प्रयासबाट मात्र प्यारालाइसिसको व्यवस्थापन गर्न सकिन्छ।

**उपचार**

मस्तिष्कघात आपतकालीन अवस्थामा भएकाले यसको उपचार सघन उपचार कक्षबाटै सुरु हुन्छ। मस्तिष्कघातको लक्षण देखिनेबित्तिकै बिरामीलाई जतिसक्दो चाँडो सुविधासम्पन्न सघन उपचार केन्द्रमा लैजानुपर्छ। लापरबाही गरेमा वा ढिला भएमा मस्तिष्कघातबाट बिरामीको ज्यानै जान सक्छ वा दिमागका कोषहरू धेरै नष्ट हुन सक्छन्।

आपतकालीन अवस्थाबाट मुक्त भएपछि र आवश्यक औषधि दिएर जब बिरामीलाई अस्पतालबाट घर पठाइन्छ, तब कहिल्यै पनि प्यारालाइसिस निको नहुने रोग भनेर घरैमा राख्नु हुँदैन। त्यसपछि उसको अन्य उपचार र पुनर्स्थापनाका लागि उपयुक्त उपचार केन्द्रमा लैजानुपर्छ। प्यारालाइसिस बिरामीको लागि फिजियोथेरापी, प्राकृतिक चिकित्सा, योगा, अकुपंचर विधिहरू प्रभावकारी छन्। यी विधिहरूको छुट्टाछुट्टै प्रयोगभन्दा संयुक्त रूपमा प्रयोग गर्दा बढी प्रभावकारी हुने भएकाले सकेसम्म सबै सुविधा एकै ठाउँमा उपलब्ध भएको अस्पतालमा उपचार गर्दा राम्रो हुन्छ। आवश्यकता अनुसार स्पिचथेरापी र मनोपरामर्श सेवा पनि दिनुपर्ने हुन्छ।

प्यारालाइसिसको बिरामीलाई उपचार मात्र नभएर उचित हेरचाहको पनि आवश्यकता पर्छ। यसका लागि नर्सिङ स्टाफ र परिवारका सदस्यको महत्वपूर्ण भूमिका हुन्छ। बिरामीलाई खानपानदेखि दिसापिसाब, कपडा लगाउने, हातमुख धुने, नुहाउनेसम्मका सबै काममा ख्याल गर्नुपर्ने हुन्छ। लामो समय सुत्नुपर्ने भएकाले शरीरको पछाडिको भागमा घाउ हुने सम्भावना हुन्छ। यसबाट बच्नका लागि बिरामीको शारीरिक अवस्था वा विशेष ख्याल राख्नुपर्ने हुन्छ। प्यारालाइसिसको बिरामीको मानसिक अवस्था पनि कमजोर हुने भएकाले भावनात्मक रूपमा पनि सहयोग र प्रेम गर्नुपर्ने हुन्छ।

**पुनस्थापना**

मस्तिष्कघातबाट प्यारालाइसिस भइसकेपछि केवल १० प्रतिशत बिरामीमात्र पूर्ण रूपमा निको भएर पहिलेको अवस्थामा फर्कन्छन्। १५ प्रतिशत मानिसको त मृत्यु नै हुन्छ भने ७५ प्रतिशतमा केही न केही असर बाँकी रहन्छ। ती बिरामीको आशिक वा पूर्ण रूपमा निर्भर हुने भएकाले उनीहरूलाई शारीरिक र मानसिक रूपमा पुनर्स्थापना गर्नुपर्ने हुन्छ। यसको मुख्य उद्देश्य परिनिर्भरता कम गरेर बिरामीको दैनिक कठिनाई हटाउँदै लगेर सहजता ल्याउनु नै हो।

## तपाईंको यो साता

**मेष (गु,गे,गो,सा,सी,सु,से,सो,द)**: मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

**वृष (य,यो,भा,भी,भू,ध,फा,ढ,भे)**: समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह)**: मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**: पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईंको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**कन्या (रा,रि,रु,रे,रो,ता,ती,तु,ते)**: समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

**वृश्चिक**:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

**तुला (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**धनु (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो)**: समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी)**: समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

**कुम्भ (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)**: आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची)**: समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

## श्रीलंकावासीको पीडा

# कोशी वारी जनता, कोशी पारी सिंहदरबार



रामपुर / सप्तकोसी पूर्वी तटबन्ध प्रकाशपुरबाट कोसीको मुख्य भगालो तरी करिव १ किमी बालुवै बालुवाको बगर पार गरेपछि एउटा बस्ती आउँछ। यो बस्ती पूग्न पहिले निकै बगर हिड्नु पर्थियो तर अहिले कोशी धार पश्चिम फर्किए पछि कोशीबाट बस्ती नजिके भएको छ। यहाँ छरपष्ट खर र टिनले छाएका घरहरु छन्। यो बस्ती सुनसरीको बराहक्षेत्र नगरपालिकाको वडा नं. ६ र ९ को आदी भूभाग पर्दछ। जुन श्रीलंका टापुको नामले चिनिने यो बस्तीमा झण्डै १५ हजार हारहारीमा मानव बसोबास गर्दछन्।

मधेसका आदिवासी चन्द्रवंशीलगायत सबैखाले जातजाति पहाडका राई, लिम्बु, बाहुन क्षेत्री, मगरको बसोबास भएको बस्ती सप्तकोसीको पूर्वी र पश्चिमी भँगालाको बीचमा अवस्थित छ। हिउँदमा दुवैतिरका लामा लामा बलौटे बगरको बीचमा रहेको बस्ती वर्षामा मात्र पानीले घेरिन्छ र टापु बन्ने गरेको छ। चारैतिर पानीले घेरेका कारण बर्षा याममा यहाँका मानिसहरु रातभरी सुत्दैनन्।

सिंहदरबार गाउँगाउँमा भन्ने उनीहरुलाई थाहा छैन्। सरकारको सेवा सुविधा लिन, दैनिक जिविकोर्पाजनका लागि उनीहरु नाउ चढेर सप्तकोसी तरेर आउनु पर्दछ। यो बस्ती बराहक्षेत्रको ६ र ९ नं. वडाको आदी भाग हो। उनीहरु चुनावका बेला भोट हाल्न कोसी पूर्वको चकरघर्टी आउने गरेका छन्। यहाँका वासिन्दाले सुनसरीको क्षेत्र नं. ४ मा पर्ने यो टापुका जनताले दुई पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र जगदीश कुसियैत, संविधासभामा पूर्व पर्यटन मन्त्रि भीम आचार्य र पछिल्लो समय पूर्व अर्थमन्त्रि ज्ञानेन्द्रबहादुर कार्कीलाई जिताए। यता उदयपुर २ नं. क्षेत्रबाट पूर्वमन्त्रि डा. नारायण खड्कालाई पटक पटक जिताए।



देशका ठूला मान्छेलाई उनीहरुले जिताए पनि दशकौ बर्षदेखिको उनीहरुको समस्या ज्युकातिउ छ। कक्षा ८ सम्म पढ्ने विद्यालय छ। दुई वटा प्राथमिकत विद्यालय छ। कक्षा ८ पास पछि त्यस पछि विरलैको पढ्ने सोच बनाउने गर्दछन्। एक दुई उच्च शिक्षा पढ्न नाउ तरेर दैनिक उदयपुरको भागलपुर, रामपुर तथा सुनसरीको चकरघर्टी जाने गरेका छन्। ठूलो बाढी आउदा उनीहरु विद्यालय जान नपाउने छ नं. वडाका वडा सदस्य श्यामबहादुर लिम्बुले बताए।

पूर्वी भंगालो तर्दा आफ्नै जिल्ला सुनसरी पुग्ने उनीहरूको नजिकको केन्द्र उदयपुरको भागलपुर पर्छ। हिउँदमा पश्चिमी भंगालो लगभग सुक्ने भएकाले आवतजावत गर्न सहज हुन्छ। तर आफ्नो क्षेत्रको सदरमुकाम जादा भने हिउदमा पनि ढुंगाको साहरा लिनु पर्छ। वर्षामा त दुवैतिर कोसी बस्तीनजिकै आइपुग्छ।

कोसीको भेलमा उनीहरूसँग डुंगाको विकल्प छैन। ४ वटा ढुङ्गा छन् उनीहरुका लागि खखाद्यन्न, कपडालगायत आवश्यक सामाग्री पुर्‍याउन तथा आवजजावत गर्न।

जसले जति सक्यो, त्यति ऐलानी जग्गा ओगटेर खनजोत गरी बाली लगाउन सक्ने टापुबाट मासिनहरु अन्यत्र जान पनि सकेका छैनन् र राज्यले कतै व्यवस्थापन गर्न पनि सकेको छैन।

यहाँ अधिकाशंले घरमै बच्चा जन्माउछन्। स्वास्थ्य चौकी छ तर औधषी छैन्। समयमा सुत्केरीलाई उपचार नहुदा हालसम्म ४ जनाको ज्यान गईसकेको वडा सदस्य लिम्बुले बताए। सर्पले टोकेका विमारी पनि २० जनाको ज्यान गईसकेको उनले सुनाए।

जनसंख्या र क्षेत्रफल दुवै हिसाबले बेग्लै वडा बन्न सक्ने भए पनि यहाँ बन्न सकेको छैन्। संघीय संरचना निर्धारण समितिले दूई वटा वडाका आदी भाग छुट्याएको छ। स्थानीय तहले एउटै वडा बनाएर काम गर्न नसकिने बराहक्षेत्र नगरपालिकाका मेयर निलम खनाल बताउछन्। सबै खाले सिफारिस बनाएर अन्य कामका लागि नगरपालिका कार्यलय तथा जिल्ला जानु पर्दा कोशी तरेर यतै आउनु पर्ने भएकाले वडा कार्यलय टापुमा नराखिएको मेयर खनाले बताए।

जोखिम क्षेत्र भएकाले त्यहाँ स्थायी संरचनाहरु पनि बनेका छैनन्। संघले बन्यजन्तु आरक्षण विस्तार गर्ने भनेर प्रस्ताव ल्याएको थियो। तर कोशी पीडितहरुलाई व्यवस्थापन नगरी त्यहाँबाट कसैलाई अन्यत्र हटाउन नसकिने मेयर खनाल बताउछन्। यहाँको बस्ती खाली गरि अन्य प्रयोजनमा प्रयोग गर्न केन्द्रकै निर्णय चाहिने उनको भनाई छ।

एक्ला जनप्रतिनीधि

यहाँ एक जना जनप्रतिनीधि मात्र छन्। श्यामबहादुर लिम्बु अरु सबै सदसरमुकाम आसपास बस्छन्। उनी भने गाउँलेहरुसँगै बसेका छन्। स्थानीयको गुनासो सुन्ने भन्दा भन्दा अरु केही गर्न सकेका छैनन। बर्षायाममा वडाको बैठकमा सम्म जान नसकेको उनी सुनाउछन्। ६ नं. वडाको बजेट झण्डै ७३ लाख भएको सुनाए तर उनको क्षेत्रमा ५ लाम मात्र परेको गुनासो गरे। 'यो पाँच लाखले यहाँ के नै पो गर्न सकिन्छ र। यहाँको गुनासो लिएर सदरमुकाम जान्छु तर कसैले सुनिदिदैनन्।'(नयाँ पत्रिकासँग भने। ९ नं. वडाका शुम्भु चन्द्रबंसी पनि यहीका भए पनि उनी प्रकाशपुरमा बस्दे आएका छन्।






# सबै स्थानीय तहमा प्रहरी सङ्गठन

सप्तरी / नेपाल प्रहरीको सङ्गठन ७ सय ५३ वटै स्थानीय तहमा विस्तार गर्न लागिएको छ । गत २०७५ जेठ २७ को सरकारी निर्देशनबमोजिम प्रहरी कार्यालय नभएका बाँकी ३० स्थानीय तहमा प्रहरी कार्यालय स्थापना गरिने भएको हो ।

यसअघि चार नगरपालिका र २६ गाउँपालिका बाहेक ७२३ स्थानीय तहमा मात्र प्रहरी कार्यालय रहेकामा अहिले सबै स्थानीय तहमा स्थापना भइसकेका प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शैलेश थापा क्षेत्रीले सङ्घीयता कार्यान्वयन र सुरक्षा सुदृढीकरणका लागि प्रहरीले सबै स्थानीय तहमा प्रहरी एकाइ स्थापना गरेको जानकारी दिए । "चार नगरपालिका र २६ गाउँपालिकाका लागि एक हजार ६५ प्रहरीलाई खटाएका छौँ", उनले भने ।

प्रवक्ता क्षेत्रीले नेपाल प्रहरीले गृहमन्त्रालयबाट गृह प्रशासन सुधार योजनाअनुसार जारी गरिएको ८२ बुँदे प्राथमिकता र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी सङ्गठनलाई मजबुत तथा विश्वसनीय बनाउनका लागि जारी गर्नुभएको १० बुँदे प्राथमिकतानुसार काम गरिएको बताए ।

लिम्चुङबुङ र रौतामाइ गाउँपालिका उदयपुर, परवानीपुर, प्रसौनी र बारागढी गाउँपालिका बारा, नरहा र अर्नमा गाउँपालिका सिरहा, कालीमाई गाउँपालिका पर्सा, देवाही गोनाही र मौलापुर नगरपालिका रौतहट, महोत्तरी गाउँपालिका महोत्तरी, विष्णुपुर गाउँपालिका सप्तरी, कौडेना गाउँपालिका सर्लाही, कोन्ज्योसोम गाउँपालिका ललितपुर, गौमूल, स्वामीकार्तिक गाउँपालिका र बुढीनन्दा नगरपालिका बाजुरामा प्रहरी एकाइ स्थापना गरिएको छ ।

# प्रदेश २ मा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान



फत्तेपुर / प्रदेश २ मा सञ्चालित 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानको शुक्रबार औपचारीक रुपमा शुक्रबारदेखि शुरु भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय जनकपुरमा एक कार्यक्रममार्फत अभियान शुरु भएको घोषणा गरिएको थियो । प्रदेश सरकारका मन्त्रीहरु, सभामुख, प्रदेशसभा सदस्य सहितको उपस्थिति रहेको कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले अभियानलाई मुख्यमन्त्रीमा मात्रै सीमित नगर्न आग्रह गरे। मुख्यमन्त्री जोडिए पनि अभियानको सफलताका लागि सबैको सक्रियता उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो । भौतिक पूर्वाधारको निर्माणलाई मात्रै समग्र विकास मान्न नसकिने भन्दै उनले विकासका लागि सामाजिक रुपान्तरण आवश्यक रहेको र त्यसका लागि अभियान कोशेढुंगा साबित हुने विश्वास व्यक्त गरे ।

सम्पूर्ण कपडा एकै ठाउ
अब तपाईहरूको बजार रामपुर सर्व सुलव मूल्यमा रेडिमेड तथा थान कपडाका लागि हामीलाई सम्झनुहोस् र साथै सिरक डसना पनि बनाई सुलव मुल्यमा विक्रि गरिन्छ ।
प्रो. सरद कोईराला
सम्पदा कपडा पसल
रामपुर, ठोक्सिला बजार उदयपुर मो. 9805726379

२४सै घण्टा तपाईहरुको सेवामा
हाम्रा सेवाहरु:
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श
डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
स्पोर्ट सेवाहरु:
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार


एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,
नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा
माता मनकामना पोलिकिलनिक

सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

दर्ता नं: १२१०५५/०७० भ्याट नं: ६०१८६०६२७
अमर कम्पनी एण्ड कन्सल्टेन्सी
द्धारा सञ्चालित
कर सहयोग परामर्श सेवा केन्द्र
सेवाहरु
व्यापार व्यवसाय, उद्योग, संघ-संस्था, सहकारी, ठेक्कापट्टा, गैरसरकारी संस्था, वित्तीय संस्था, शिक्षण संस्था, आदीको कर परामर्श सेवाहरु
१. प्यान भ्याटको वार्षिक नविकरण
२. स्थायी लेखा नम्वर (प्यान/भ्याट) दर्ता
३. आय विवरण, भ्याट विवरण मासिक/चौमासिक
४. शिक्षा तथा स्वास्थ्य सेवा कर विवरण वुझाउने सेवा
५. घर वहाल कर,लाभ कर सामाजिक सुरक्षा कर
६. सम्पूर्ण करको भुक्तानीको व्यवस्था
८ वैक ऋण तथा सरकारी अनुदानका लागि वित्तीय विवरण प्रोफाइल तयार गर्ने
९. कम्पनी दर्ता नविकरण सम्वन्धी सेवा
प्रधान कार्यालय
धरान-१२, चतरा लाईन
फोन नं. ९८५२०४९३२५, ९८४२३५५३६२, ९८०४३५६९२६
Email: accdharan@gmail.com

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा
अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।
प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१


IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

खुशीको खवर ! खुशीको खवर !!
अनुकुल पोलिक्लिनिक
तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।
हाम्रो सेवाहरू
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र
सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३
नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।